मिति २०८१।१२।०३ मा बन्दीपुर गाँउपालिकाको आ. व. २०८१/०८२ को १३औं कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री सुरेन्द्र बहादुर थापाको अध्यक्षता एवम् तपशिल बमोजिमको उपस्थितिमा बसी देहाय अनुसारका एजेन्डा माथि छलफल गरी देहाय अनुसारको निर्णय गरियो ।

तपशिलः

| क्र. स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | सुरेन्द्र बहादुर थापा | अध्यक्ष | |
| २ | पञ्चमाया गुरूङ | उपाध्यक्ष | |
| ३ | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ४ | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ५ | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ६ | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ७ | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ८ | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ९ | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| १० | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| ११ | उमा घर्ती | कार्यपालिका सदस्य | |
| १२ | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १३ | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १४ | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १५ | यादवराज आचार्य | सदस्य- सचिव | |

एजेन्डाहरू

| |
|---|
| १. अघिल्लो बैठकको निर्णय कार्यान्वयन समीक्षा |
| २. विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान सम्बन्धी कार्यविधि |
| ३. दोस्रो चौमासिक समीक्षा तथा सार्वजनिक सुनुवाइ सम्बन्धमा |
| ४. बन्दीपुर भ्रमण वर्षमा भएको खर्च अनुमोदन सम्बन्धमा |
| ५. विविध |

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

# मितिः २०८१।१२।०३ को कार्यपालिका बैठकका निर्णयहरु

| निर्णय संख्या | निर्णय संग सम्बन्धित शाखा | निर्णयको व्यहोरा | |
|---|---|---|---|
| १. | प्रशासन | अघिल्लो कार्यपालिका बैठकको निर्णयहरूको कार्यान्वयनको बारेमा छलफल गरी समीक्षा गरियो । | |
| २. | प्रशासन | आर्थिक वर्ष २०८१/०८२ को दोस्रो चौमासिक समीक्षा तथा सार्वजनिक सुनुवाइ कार्यक्रम मिति २०८१/१२/२२ गते शुक्रबारका दिन गर्ने र सोको लागि पत्राचार तथा सूचना सम्प्रेषण समयमै गर्ने निर्णय गरियो । | |
| ३. | शिक्षा शाखा | शिक्षा समिति बाट सिफारिस भएको बन्दीपुर गाउँपालिका विद्यालय समायोजन तथा शिक्षक दरबन्दी मिलान कार्यान्वयन निर्देशिका -२०८१ उपर छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो । | |
| ४. | शिक्षा शाखा | शिक्षा समिति बाट सिफारिस भएको बन्दीपुर वडा नं. १ मा अवस्थित दीपशिखा इङ्लिस बोर्डिङ लाई कक्षा १२ मा विज्ञान विषय सञ्चालनको अनुमती दिने निर्णयलाई अनुमोदन गरियो । | |
| ५. | पर्यटन शाखा | बन्दीपुर भ्रमण वर्ष २०२५ को अभियान उद्घाटन लगायत विभिन्न कार्यक्रममा भएको खर्च अनुमोदन गरी पेश भएका विल भर्पाईका आधारमा बन्दीपुर **भ्रमण वर्ष शीर्षकबाट** रु ६,८९,२२५।- भुक्तानि गर्ने निर्णय गरियो । | |
| ६. | स्वास्थ्य शाखा | बन्दीपुर अस्पताल मर्मत संभारका लागि प्राविधिक ल.ई. अनुसार **शव गृह भवन मर्मत, अस्पताल सभाहल मर्मत र खानेपानीको पाइपलाईन निर्माण** का लागि रु ७ लाख तथा **डुम्रे ओपिडीमा रङरोगन र मर्मत**का लागि रु १ लाख बन्दीपुर अस्पताल संचालन समितिको खाताबाट भुक्तानि हुनेगरी विनियोजन गरी निर्माण कार्य अघि बढाउने निर्णय गरियो । | |
| ७. | उज्यालो बन्दीपुर | उज्यालो बन्दीपुरका लागि विनियोजित बजेटबाट रु ४ लाखको सोलार बत्ती खरीद गरी बन्दीपुर गाउँपालिकाका ६ वटै वडाहरुमा आवश्यकता अनुसार वितरण गर्ने निर्णय गरियो । | |
| ८. | बजेट व्यवस्थापन | सरस्वती प्रा.वि. बन्दीपुर -३ रामकोटको अधुरो भवन निर्माणकालागि थप रु ८ लाख तथा बन्दीपुर -१ स्थित क्रियापुत्री भवनको पहिरो संरक्षणका लागि रु ५ लाख आगामी सभाबाट स्वीकृत गर्ने गरी जनप्रतिनिधि तथा कर्मचारी अवलोकन भ्रमण खर्च तथा जनप्रतिनिधि तथा कर्मचारी तालिम खर्च शीर्षकबाट रकमान्तरगरेर बजेट व्यवस्थापन गर्ने निर्णय गरियो । | |
| ९. | पर्यटन शाखा | बन्दीपुर गा.पा. वडा नं. ४ पातलद्वारमा रहेको राम मन्दिरमा चैते दशै सञ्चालनका लागि पातलद्वार राम मन्दिर संरक्षण गर्न आवश्यक देखिएकाले भेषभुषा धर्म संस्कृती प्रवर्धन शीर्षकबाट रु ३० हजार विनियोजन गर्ने निर्णय गरियो । | |
| १०. | विविध | क. | बन्दीपुर २ स्थित बन्दीपुर गेटको दक्षिण पट्टी रहेको खाली जमिन मासिक रु १० हजारको दरमा भाडामा लिइ सो जमिनमा सार्वजनिक शौचालय, पर्यटन सूचना केन्द्र र कृषि सामाग्री संकलन केन्द्र निर्माण गरी सञ्चालन गर्ने निर्णय |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

बन्दिपुर गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
बन्दिपुर,तनहुँ
गण्डकी प्रदेश,नेपाल
२०७३

## मितिः २०८१।१२।०३ को कार्यपालिका बैठकका निर्णयहरु

| | | | |
|---|---|---|---|
| | | | गरियो । |
| | | ख. | बन्दीपुर- १ मा साविकमा सञ्चालन गरिएको सिलाई कटाई तालिमको क्रममा खरीद गरिएको मेसिन सोही तालिममा सहभागी भई व्यावसायमा संलग्न प्रशिक्षार्थीहरुलाई हस्तान्तरण गर्ने निर्णय गरियो । |
| | | ग. | अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम शीर्षकबाट सिद्ध कप ज्यामिरस्वारा लाई रू ३५ हजार र कागेश्वरी युवा क्लब काफलस्वाँरालाई रु ४० हजार विनियोजन गर्ने निर्णय गरियो । |
| | | घ. | बन्दीपुर अस्पताल सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यक कानुनको निर्माण गर्न बन्दीपुर अस्पतालसँग सहकार्य गरी आगामी गाउँसभाबाट पारित गर्ने गरी तयारी गर्न न्यायिक सहजकर्ता तथा स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो । |
| | | ङ. | रामकोट खानेपानी आयोजनाका लागि आवश्यक ट्रान्सफर्मर साझेदारीमा जडान गर्न पालिकाबाट विनियोजन भएको रु ९ लाख बजेट बमोजिम कार्य अगाडि बढाउन विद्युत प्राधिकरण वितरण केन्द्र दमौली तनहुँसँग सम्झौता गर्ने निर्णय गरियो । |
| | | च. | बन्दीपुर बसपार्कको सञ्चालनका लागि ५० प्रतिशत संकलक तथा ५० प्रतिशत गाउँपालिकालाई आम्दानी हुनेगरी यस अघि काम गर्दै आएका वन्दीपुर वडा नं. २ निवासी तिलक बहादुर सार्कीसंग २०८२ असार मसान्तसम्मका लागि सम्झौता गर्ने निर्णय गरियो । |
| | | छ. | मिति २०८१/११/३ मा दमौलीमा तनहुँ जिल्लाका सबै स्थानीय तहहरूको पर्यटन संभावनाहरुको बारेमा सरोकारवालाहरुको उपस्थितिमा भएको सार्वजनिक सुनुवाइ कार्यक्रमका लागि सो कार्यक्रम सञ्चालन गरेको एभीन्यूज टेलिभिजनलाई रु २५ हजार पत्रपत्रिका छपाई तथा सूचना प्रकाशन शीर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो |
| | | ज. | गोरखकाली यूवा क्लब बाट बन्दीपुर भुमर्सेमा सञ्चालित भलिवल प्रतियोगितालाई अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम शीषर्कबाट रू ५० हजार विनियोजन गर्ने निर्णय गरियो । |
| | | झ. | सामुहिक खेती प्रवर्धन अनुसन्धान एवं अन्य योजनाहरू शीर्षकबाट हल्थुम्का खानेपानी मर्मत योजना सञ्चालन गर्ने निर्णय गरियो । |
| | | ञ. | विद्यालय भवन निर्माण साझेदारी शीर्षकमा विनियोजित बजेटबाट बन्दीपुर गाउँपालिका वडा नं. ३ रामकोट स्थित श्री सरस्वती आधारभूत विद्यालयको २ कोठे भवन निर्माणको लागि खर्च गर्ने निर्णय गरियो । |

यादवराज आचार्य
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष